पत्रकार डेकेन्द्रराज थापाको अपहरण तथा हत्या
दैलेख

# स्थलगत प्रतिवेदन

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
२०६१

# पत्रकार डेकेन्द्रराज थापाको अपहरण तथा हत्या
# दैलेख

## एक प्रतिवेदन

### अध्याय-१

**पृष्ठभूमि**

पत्रकार तथा मानवअधिकारकर्मीहरुलाई नेकपा माओवादीहरुले अपहरण गरी बन्धक बनाएको र कैयौं पत्रकार तथा मानवअधिकारकर्मीहरुलाई हात खुट्टा काट्ने, ज्यान लिने तथा सञ्चार सामग्रीहरु जफत गर्ने घटनाको सम्बन्धमा नेकपा माओवादी पक्षसंग छलफल गरी समस्या समाधानको लागि पहल गर्ने उद्धेश्यले काठमाण्डौ, नेपालगंज तथा सुर्खेत र दैलेखवाट सम्मिलत पत्रकार तथा मानवअधिकारकर्मीहरुको एक टोली श्रावण २२ गतेदेखि सुर्खेत र दैलेख जिल्लाको भ्रमणको लागि प्रस्थान गऱ्यो ।

**१. डेकेन्द्र थापाको अपहरणको वारेमा जानकारी**

२०६१ असार १२ गते कामको शिलशिलामा दैलेख जिल्लाको तोली गाविसमा जांदा नेकपा माओवादीहरुले नीज डेकेन्द्र थापालाई आफ्नो नियन्त्रणा लिई केही सोधपुछ गर्नुछ भनी लिएर गएको । उक्त कुरा डेकेन्द्रलाई अपहरण गरेको कुरा श्रावण ८ गते कान्तिपुर पब्लिकेसनका स्थानीय सम्वाददाता हरिहरसिंह राठौरले इन्सेक नेपालगंजमा पठाएको फ्याक्सवाट जानकारी प्राप्त भएको थियो ।

**२. डेकेन्द्रको संक्षिप्त परिचय**

नारायण नगरपालिका-२ जहारकोट दैलेखमा २०२८ सालमा जन्मिएका ३३ वर्षिय डेकेन्द्रराज थापा रेडियो नेपालको स्थानीय समाचारदाताको रुपमा विगत दुई वर्ष अघि देखि क्रियाशिल भईरहेका थिए । यसअघि २०५२ सालमा इन्सेकको दैलेखस्थित मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिको रुपमा एक वर्ष काम गरेका थिए । पछिल्लो समयमा नारायण नगरपालिका दैलेखमा आपूर्ति गरिने खानेपानीको पाईप माओवादीहरुले ध्वस्त गरेपछि उक्त खानेपानीलाई सुचारु रुपले संचालन गर्न खानेपानी उपभोक्ता समितिको अध्यक्ष भई खानेपानीको समस्या समाधानको लागि माओवादीहरुसंग वार्ता तथा छलफल गरी पहल गरेका थिए । उनको अपहरण पनि खानेपानीको सम्वन्धमा केही खास कुरा माओवादी पक्षसंग गर्नको लागि जांदा दैलेखको नौमुले भन्ने स्थानवाट भएको कुरा जानकारहरु बताउंछन् । उनकी एक पत्नी, दुई छोरी र एक छोरा छन् ।

### ३. **समस्या समाधानको लागि पहल**

स्थानीय आग्रहलाई ध्यानमा राखी इन्सेकले केन्द्रीय कार्यालयवाट तत्काल कोही जान नसक्ने र क्षेत्रीय कार्यालय नेपालगंजवाट जानु भन्ने सुझाव प्राप्त भएपछि इन्सेक क्षेत्रीय कार्यालयका अधिकृत मदन पौडेल जाने तय गरिएको थियो । नेपालपत्रकार महासंघका केन्द्रिय सदस्य पोषण के.सी. र मदन पौडेल जाने भनिएता पनि तत्काल व्यवहारिक कठिनाई देखाई उक्त टोली दैलेख जान सकेन ।

यसै वीच समाचारपत्र दैनिकका सुर्खेतका स्थानीय सम्वाददाता तथा इन्सेकका मानवअधिकार वर्ष पुस्तक प्रतिनीधिलाई पनि श्रावण १६ गते माओवादीहरुले अपहरण गरेको कुरा प्रकाशमा आई सकेपछि विभिन्न पत्रकारहरु तथा मानवअधिकारवादीहरुलाई अपहरण गरी धम्की दिने, यातना दिने तथा सञ्चार सामग्री जफत गर्ने जस्ता घटनाहरु तत्काल रोक्न र मानवअधिकारकर्मी तथा पत्रकारहरु माथि लगाईएको आरोपहरु फिर्ता गरी निर्वाध रुपमा काम गर्ने वातावरण वनाउन विद्रोही पक्षलाई ध्यानाकर्षण गराउन प्रेस विज्ञप्ति मार्फत जानकारी गराइएको थियो । उक्त नागरिक समाजको दवावालाई विभिन्न सञ्चार माध्यममा महत्वका साथ प्रसारण गरी माओवादी पक्षको ध्यानाकर्षण गराइएको थियो ।

मध्यपश्चिमाञ्चल क्षेत्रमा केही समय अघि देखि मानवअधिकारकर्मी तथा पत्रकारहरुलाई माओवादीहरुले अपहरण गर्ने, बन्धक बनाउने, यातना दिने तथा हत्या गर्ने घटनाले नागरिक समाजलाई मर्माहत वनाईरहेको परिप्रेच्छमा मानवअधिकारकर्मी तथा पत्रकारहरुको सम्वन्धमा माओवादीका उच्च तहमा वार्ता तथा छलफल गरी समस्या समाधान गर्ने उद्देश्यले एक उच्चस्तरीय टिम बनाई उक्त क्षेत्रको भ्रमण गर्ने निर्णय गर्‍यो । उक्त टिममा काठमाण्डौ, दाङ, नेपालगंज र सुर्खेतवाट पनि सम्मिलित गराई टिमको पुर्णता दिने निर्णय अनुसार नेपाल पत्रकार महासंघका केन्द्रीय उपसभापतिको नेतृत्वमा निम्न व्यक्तिहरु समावेश हुने गरी समूहको समायोजन गरियो ।

पत्रकार तथा मानवअधिकारकर्मीहरुको टिम सदस्यहरु

1 विपुल पोखरेल - केन्द्रीय उपसभापति नेपाल पत्रकार महासंघ
2 प्रकाश ज्ञवाली - इन्सेक केन्द्रीय कार्यालय काठमाण्डौ
3 प्रदिप घिमिरे - सेहुर्डेस काठमाण्डौ
4 पुष्कर नाथ पाण्डे - इन्सेक क्षेत्रीय कार्यालय नेपालगंज
5 गोपालनाथ योगी - केन्द्रीय सदस्य गैसस महासंघ
6 सुरेश गौतम - सिभिक्ट, नेपालगंज
7 सम थापा - पत्रकार
8 प्रकाश उपाध्याय - हिमराइट्स, लाइफलाइन
9 कमलेश डि.सी. - सभापति, नेपाल पत्रकार महासंघ ,शाखा सुर्खेत
10 विन्दुलाल रेग्मी - सहसंयोजक, शान्तिका लागि अभियान कार्यक्रम, सुर्खेत
11 मोती पौडेल - कनिष्ठ सम्पादक, कान्तिपुर पब्लिकेसन सुर्खेत
12 लक्ष्मण भण्डारी - बुलबुले दैनिक सुर्खेत

13 टेकबहादुर पुन - बेस, नेपालगंज

उक्त टोलीको संयोजनपश्चात् सम्बन्धित सवैलाई जानकारी गराउन नेपालगंजवाट मानवअधिकारकर्मी तथा पत्रकारहरुको समूले एक प्रेश विज्ञप्ति प्रकाशन गर्‍यो ।

२०६१ श्रावण २२ गते काठमाण्डौ, नेपालगंज तथा सुर्खेतको टिम सुर्खेतको छिन्चुमा भेट भई दुर्गा थापा र डेकेन्द्र थापाका बारेमा सम्बन्धित निकाय विद्रोही माओवादी पक्षसँग प्रत्यक्ष भेटघाट गरी समस्या समाधानकालागि पहल गर्न र माओवादीको नियन्त्रणमा रहेका पत्रकारहरुलाई मुक्त गर्न छिन्चु, रामघाट, दशरथपुर हुँदै सुर्खेतको नेटा, खानीखोलालगायत्का गाविसमा पुग्यो । करिब १० दिनको प्रयासपछि उक्त अवसरमा मानवअधिकारकर्मी तथा पत्रकारहरुको संयुक्त समूहले दुर्गा थापा र डेकेन्द्र थापा लगायतका पत्रकार तथा मानवअधिकारकर्मीहरुको वारेमा माओवादीको भेरी कर्णाली स्वयत्त प्रदेशका सदस्य राहुलसंग छलफल गरी दुर्गा थापालाई श्रावण ३१ माओवादीको नियन्त्रणवाट मुक्त गर्न सफल भयो ।

२०६१ श्रावण २७ गते सार्वजनिक जानकारीका लागि उक्त टोलीका नेता नेपाल पत्रकार महासंघका केन्द्रीय उपसभापति विपुल पोखरेलले एक विज्ञप्ति प्रकाशित गरी माओवादीको ध्यानाकर्षण गराउने कार्य भएको थियो ।

तर २०६१ श्रावण ३२ गते सांझ माओवादीको नियन्त्रणमा रहेका दैलेखका पत्रकार डेकेन्द्र थापालाई माओवादीहरुले हत्या गरेको कुरा उनीहरुबाट प्रेसित प्रेस विज्ञप्तिमार्फत् जानकारी पाएको कुरा डेकेन्द्र थापाका सहोदर वहिनी ज्वाई रमेश दशौंदीले थाहा पाई स्थानीय पत्रकार तथा घरपरिवारमा जानकारी गराएको कुरा टेलीफोन मार्फत स्थानीय कान्तिपुरका सम्वाददाता हरिहरसिंह राठौरबाट जानकारी प्राप्त गरेको थियो ।

डेकेन्द्र थापाको हत्या भैसकेपछि दैलेख जाने नजाने सम्बन्धमा नेपाल पत्रकार महासंघ , इन्सेकमा छलफल गरेपछि जाने निर्णय गरियो ।

## अध्याय-२

### १. दैलेखको लागि टिमको तयारी तथा प्रस्थान

1 विपुल पोखरेल-केन्द्रीय उपसभापति , नेपाल पत्रकार महासंघ
2 पुष्कर नाथ पाण्डे- इन्सेक, क्षेत्रीय कार्यलय नेपालगंज
3 मोती पौडेल-कनिष्ठ सम्वाददाता ,कन्तिपुर सुर्खेत ।

उक्त टोलीको साथसाथै डेकेन्द्र थापाको आफन्तहरु पनि उक्त टोलीको साथमा सुर्खेतवाट दैलेख संगै गएका थिए ।

1 यज्ञराज थापा - डेकेन्द्रका सहोदर भाइ
2 सजन वि.सी. - डेकेन्द्रका साला

### २. नारायण नगरपालिकाको वातावरण तथा स्थानीय व्यक्तिहरुको आक्रोश

२०६१ भदौ १ गते सांझ नारायण नगरपालिका दैलेख पुगेपछि उक्त क्षेत्रका स्थानीय पत्रकार तथा केही समजसेवी संग छलफल गरियो । सदरमुकाम डेकेन्द्रको हत्याले स्तब्ध थियो । मानवअधिकारकर्मी तथा पत्रकारहरुको टोली नारायण नगरपालिकामा पुग्दा त्यहाँका स्थानीय जनताहरुले उक्त टोलीलाई अर्कै दृष्टिकोणले हेरेका थिए । वाटोमा भेटभएका व्यक्तिहरुले "अगाडि आएको भए ज्यान जोगाउन सकिने थियो होला ।" आउन ढिला भयो" भनेर पनि दु:ख व्यक्त गरेका थिए ।

स्थानीय पत्रकार, हरिहरसिंह राठौर र अमर सुनारले मानवअधिकारकर्मी तथा पत्रकारहरुको टीमले छलफल गर्न लाग्दा आएका स्थानीय ३ जना व्यक्तिहरुले मानवअधिकार तथा पत्रकारहरुको टीमसंग आक्रोस व्यक्त गरे । डेकेन्द्रलाई प्राथमिकता नदिएर दुर्गा थापालाई प्राथमिकता दिएको, एउटा व्यक्तिको मात्र पछि लागेर धेरै समय वर्वाद गरेको आरोपहरु लगाउँदै आक्रोस व्यक्त गरे । उक्त व्यक्तिहरु शान्ति समाज दैलेखका पदाधिकारी रहेको वुझिएको छ ।

### ३. टिमको तर्फवाट स्थानीय व्यक्तिहरुसँग छलफल

स्थानीय पत्रकार तथा अन्य व्यक्तिहरुसंग टोलीका तर्फवाट सम्पूर्ण पत्रकारहरुको वारेमा माओवादीहरुसंग छलफल गरको । माओवादीहरुको नियन्त्रणमा रहेको व्यक्ति उनिहरुले पलाना गर्नुपर्ने जेनेभा महासन्धि अनुसार पनि डेकेन्द्र थापाको हत्या नगर्नुपर्ने कुरामा टिमले जिकिर गऱ्यो । निश्चय नै दैलेख आउनुमा ढिला भएकोमा टिमको तर्फवाट स्थानीय व्यक्तिहरुसंग दु:ख व्यक्त गऱ्यो ।

**४. स्थानीय टिमको संयोजन**

डेकेन्द्र थापाको हत्या भैसकेको भन्ने खबर हुँदा पनि यथार्थ स्थितिको जानकारीको लागि माओवादीको नेतृत्वसंग छलफल गर्न स्थानीय व्यक्तिहरु सम्मिलित टोलीको संयोजन गरियो । अन्य पत्रकार साथी तथा मानवअधिकारकर्मीहरुलाई पनि माओवादीहरुले धम्की दिएका कारण डेकेन्द्रका आफन्त र सुर्खेतवाट गएका पत्रकार र मानवअधिकारकर्मीहरुको टोली मात्र जाने निर्णय गरियो । जसमा निम्न व्यक्तिहरुको संलग्नता रहेको थियो ।

1 विपुल पोखरेल
2 पुष्करनाथ पाण्डे
3 मोती पौडेल
4 नमन शाही - इन्सेकको मानवअधिकार वर्ष पुस्तक प्रतिनिधी, दैलेख
5 रमेश दशौंदी - डेकेन्द्रका ज्वाई
6 यज्ञराज थापा - भाइ तथा पत्रकार महासंघ दैलेखका सदस्य
7 सजन वि.सी.- साला

**५. माओवादीहरुसंग छलफल**

उक्त टिम २०६१ भदौ २ गते नारायण नगरपालिकादेखि दक्षिण पश्चिम हुंदै दैलेख जिल्लाको वडाखोला गाविसमा पुगेपछि स्थानीय जगदीश माध्यामिक विद्यालयका शिक्षक मिन वशादुर खत्रीको सहायताले माओवादीको नेतृत्व समक्ष मानवअधिकारकर्मी तथा पत्रकारहरुको टीम छलफलको लागि आएको खवर पठाईयो । केही समय पछि टिमका नेतासंग मात्र छलफलगर्ने भन्ने खवर प्राप्त भएपछि विपुल पोखरेलले दैलेख आउनु कारणको वारेमा छलफल गर्नुभयो । डेकेन्द्र थापाको अहिलेको स्थिति केहो भन्ने वारेमा तत्काल नै टीम तथा आफन्तहरुलाई जानकारी गराउनु पर्ने कुरा राखियो । पछि विस्तृत छलफलको लागि खवर पठाउने भने पछि हामीहरु पर्खाइमा रहन वाध्य भयौं । त्यसपछि दोश्रो चरणमा माओवादीका जिल्ला जनसरकारका सदस्य मोहन विष्ट उपनाम "चिरन्जीवि" भन्ने संग समूहको छलफल भयो ।

चिरञ्जीविको भनाई अनुसार पार्टीले कारवाही गरि सकेको कुरा वताए । यदी पार्टीले हत्या गरिसकेको हो भने आफन्तहरुलाई तत्काल लास दिनुपर्ने कुरा उठाईयो । एक हप्ता लाग्न सक्ने वताएर मानवअधिकारकर्मी तथा पत्रकारहरुको टिमलाई अलमालाउन खेजेका थिए । तर उक्त सम्वन्धमा टोलीको तर्फवाट जिकिर गर्दा २०६१ भदौ ४ गते सांझ सम्म जानकारी गराउने वताए । यसकालागि डेकेन्द्रका ज्वाई रमेश दशौदीलाई पहिलो जानकारी दिने सहमती वन्यो । र डेकेन्द्रका भाइ यज्ञराज थापा र नीजका साला सजन वि.सीं र ज्वाई रमेश दशौंदी समेतलाई माओवादीको सम्पर्कमा रही रहने गरी मानवअधिकार तथा पत्रकारहरुको टीम दैलेख वजारमा फर्क्यो ।

माओवादीहरुसंग छलफल गर्दा डेकेन्द्रराज थापालाई कारवाही गरेको कुरा विज्ञप्ति मार्फत जानकारी पाएको, त्यस भन्दा वढी कुरा  थाहा नभएको र "कारवाही गरेको कुरा सांचो हो झमोहन विष्टले भनेका थिए । तर विद्रोही पक्षको नियन्त्रणमा रहेको व्यक्ति मारिएको भन्ने कुरा हामीलाई विश्वास नलागेको, त्यसको लागि लाश देखाउन पर्ने कुरा वताउंदा एक हप्ता लाग्न सक्छ भनी आलटाल गर्न खेजेका थिए । टिमले अर्न्राष्ट्रिय जेनेभा महासन्धिको कुरा उठाउंदा मोहन विष्टले वोल्न सकेनन् ।

## ६. भ्रमणको उपलब्धिको बारेमा नागरिक समाजलाई जानकारी

डेकेन्द्र थापाको घटनाको सम्वन्धमा मानवअधिकारकर्मी तथा पत्रकारहरुको समूहले माओवादी दैलेख जिल्ला जनसरकारका सदस्य मोहन विष्टसंग २०६१ भदौ ४ गते सांझ सम्ममा आफन्तहरुलाई "सास की लास दिने "भन्ने विषयमा मौखिक सहमती भएको कुरा स्थानीय मानवअधिकारकर्मीत तथा पत्रकारहरु र स्थानीय व्यक्तिहरुका वीच सार्वजनिक गरियो । साथै उक्त अवसरमा दैलेख स्थित मानवअधिकारकर्मी तथा पत्रकारहरुलाई डेकेद्र थापाको हत्याको विरोधमा र्‍याली निकाल्न सल्लाह सुझाव दिइयो । जस अनुसार नेपाल पत्रकार महासंघ दैलेखको आयोजनामा "शास कि ,लास देऊ" भन्ने नारा सहित दैलेख वजारमा एक कार्यक्रम  सम्पन्न गर्‍यो ।

डेकेन्द्रराज थापाको लास नदिनुमा डेकेन्द्रराज थापालाई माओवादीहरुले विभत्स ढंगले हत्या गरेको हुन सक्ने टीमले शंका गरेको छ । डेकेन्द्रराज थापाको अपहरण तथा हत्या प्रकरणको विरुद्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट माओवादी नेतृत्वलाई व्यापक दवाव आएपछि  त्यसलाई रोकथाम गर्न र स्थितिलाई उनिहरुको प्रतिकुल हुन नदिन लाश नदिएको र डेकेन्द्रराज थापाको सवालमा कुरा गर्ने सवैलाई डेकेन्द्रको स्थिति वनाईन्छ भनी परिवारजनालाई धम्की दिनुले यो कुराको पुष्टी हुन आउँछ ।

## ७ . अनुगमन टीम सुर्खेत प्रस्थान

दैलेख जिल्लामा माओवादीहरुले डेकेन्द्र थापाको हत्या गरेपछि नीजको हत्याको कारण सार्वजनिक गर्न टांसिएको प्रेस विज्ञप्तिमा अन्य संघसंस्थामा आवद्ध भएका व्यक्तिहरुलाई पनि  कारवाही गर्नु अघि सम्वन्धीत संस्थालाई जानकारी गराउने कुरा  माओवादीका जिल्ला सेक्रेटरी रणजीत नेपाली भन्ने व्यक्तिको हस्ताक्षरीत प्रेस वक्तव्यमा जनाईएको हुनाले अन्य मानवअधिकारत तथा पत्रकारहरुको सम्वन्धमा माओवादी पक्षसंग तत्काल कुरा गर्न अन्य मानवअधिकारकर्मी तथा पत्रकारहरुको टोली सहित आउनुपर्ने भएकोले पछि आउने गरी २०६१ भदौ ३ गते विहान अनुगमन गर्न गएको टीम सुर्खेत प्रस्थान गर्‍यो । सुर्खेत स्थित पत्रकार तथा मानवअधिकारकमीहरुको एक भेलामा हाल सम्म मानवअधिकारकर्मी तथा पत्रकारहरुको टोलीले गरेको कामको उपलब्धि तथा पत्रकार डेकेन्द्र थापाको वारेमा माओवादी पक्षसंग भएको छलफलको वारेमा जानकारी गरायो ।

## अध्याय-३

### १. मानवअधिकार अनुगमनको विधि तथा तथ्यहरु

पत्रकार डेकेन्द्रराज थापाको हत्या माओवादीहरुले गरेको सम्बन्धमा यो प्रतिवेदन तयार गर्ने आधार हरुमा स्थलगत भ्रमण, डेकेन्द्रराज थापाको आफन्तहरुसंग छलफल, स्थानीय व्यक्तिहरु संगको छलफल र माओवादीहरुसंगको छलफल तथा प्राप्त कागजातहरुको आधारमा तयार गरिएको हो ।

### २. दैलेखको मानवअधिकारको स्थिति

दैलेख जिल्लामा माओवादीहरु निकै आक्रमक रुपमा प्रस्तुत हुंदै आएको देखियो । माओवादीका एकजना खगेन्द्र सेन भन्ने व्यक्तिका सहोदर भान्जा ( नाम नखुलेका )जो शाही नेपाली सेनामा कार्यरत रहेका थिए । उनि हतियार सहित भागी माओावदीमा प्रवेश गरेपछि नीजको सुराकीको आधारमा डेकेन्द्र थापाको अपहरण तथा हत्या भएको हुन सक्ने स्थानीय व्यक्तिहरु वताउंछन् । नीज व्यक्ति शाही नेपाली सेना वाट भागेर माओवादीमा प्रवेश गर्नु अघि डेकेन्द्रराज थापासंग माओवादी पक्षसंग राम्रो सम्वन्ध रहेको जानकारहरु वताउंछन् ।

भ्रमणको अवधीमा टिमले गरेको मुल्यांकन अनुसार माओवादीहरुले अर्का वीचारको कदर नगर्ने , गाउंमा राजनीतिक गतिविधी हुन नदिने, फरक बिचार राख्नेहरुलाई कारवाही गर्ने आदि गरिएको पाईयो । नेकपा माओवादीले एउटा विद्रोही पार्टीको हैसियतमा पालना गर्नुपर्ने जेनेभा महासन्धी, मानवीय कानुनको पालना नगरेको, स्थानीय शिक्षक, व्यापारीहरुलाई आ-आफ्नो पेशा गर्न अवरोध गरेको , स्थानीय व्यक्तिहरु माओवादीको वकालत गरेर वस्न वाध्य भएको देखिएको । जनतालाई आतंकित पारी आफ्नो पक्षमा रहन बाध्य पार्ने गरेको देखियो । जसअनुसार अन्य पत्रकार तथा मानवअधिकारकमीहरुलाई पनि धम्की,यातना दिनुले यसको पुष्टी हुन आउंछ । गाउंमा माओवादीको सिफारिश प्राणाली लागु भएकोले गाउंका मानिसहरुलाई आवतजावत गर्न अप्ठयारो परेको देखिएको छ । जो जाहां जांदा पनि माओवादीको सिफारिश लिएर जानुपर्ने अन्यथा सुराकी गर्न गएको आरोपमा कारवाही भोग्नुपर्ने वाध्यता रहेको स्थानीय व्यक्तिको भनाईवाट वुझिएको छ । स्थानीय रुपमा वसोवास गर्ने व्यक्तिहरुले माओवादीहरुले जे आदेश गरेपनि स्वीकार गर्न वाध्य हुनुपर्ने देखियो ।

> गाउंविकास समिति वडाखोला दैलेखले २०५४ सालमा स्थानीय दलितहरुको रोजगारी वृद्धि गर्नका लागि स्थानीय भिम वहादुर परियारलाई दिएको इन्टरलक मेशिन माओवादी घोषित गाउं जनसरकारले फिर्ता गर्नु भने पछि नीजकी श्रीमति र सालीले वोकेर माओवादी पार्टीलाई वुझाउन ल्याए । त्यसवेला गाजस प्रमुख नभेटिएकाले स्थानीय जगदीश माध्यामिक विद्यालयका शिक्षकलाई वुझाई महिलाहरु घर फर्के ।

## ३. निष्कर्ष

दैलेख जिल्लामा रहेका माओवादीका नेतृत्व आक्रामक भएको पाईयो । माओवादीहरुले आफु वाहेक अरुको उपस्थिति र अस्तित्व स्वीकार नगर्ने भएकाले जो कसैलाई पनि कुनै पनी वखत आक्रमण गर्न सक्ने देखिएको छ । मानवअधिकारको स्थिति दयनीय रहेको अवस्थामा नागरिक समाजको उपस्थिति  संगठित र सक्रिय हुनुपर्ने अति आवश्यकता रहंदा रहंदै पनि दैलेख जिल्लामा मानवअधिकारको मुल्य मान्यता अनुरुप क्रियाशिल हुने व्यक्तिहरुको अभाव खट्किएको पाईयो । स्थानीय समस्या समाधानकोलागि  स्थानीय प्रयास पहिले अनिवार्य देखिए पनि डेकेन्द्र थापाको वारेमा काम गर्न कुनै पनि व्यक्तिले आफ्नो पहिचान वनाउन नसकेको कारण तत्काल प्रयत्न हुन नसकेको देखियो । भविष्यमा यस्तो घटना नहुनकोलागि स्थानीय मानवअधिकारकर्मी तथा पत्रकारहरुको एक सशक्त टोलीको निर्माण गर्नुपर्ने देखिएको छ । साथै डेकेन्द्र थापा र अन्य मानवअधिकारकर्मी तथा पत्रकारहरुको वारेमा माओवादीहरुसंग छलफल गर्न तत्काल सशक्त टिम जानुपर्ने आवश्यकता रहेको देखिन्छ ।

# अध्याय-४

## ४. माओवादीका दैलेख जिल्ला नेतृत्ववाट डेकेन्द्र थापालाई कारवाही गरिएको वारेमा बक्तब्य

### ४.१ प्रेस बक्तव्य

ने.क.पा. माओवादी
दैलेख

बक्तव्य

उत्पीडित जनताको आमुल परिवर्तनप्रतिको अन्तर हृदयको इच्छा आवश्यकतालाई यथार्थमा परिणत गर्न फासिंवादी सत्ताको सवै संयन्त्रसंग टक्कर लिनु, ध्वस्त पार्दै अघि वढ्ने प्रक्रियावाट सुन्दर संसार निर्माण गर्ने अभिष्ट पुरागर्नु क्रान्तिकारीहरको इतिहासले सुम्पेको अभिभारा हो ।

यसै क्रममा ना.न.पा. दैलेख वस्ने डेकेन्द्रराज थापालाई फार्शिवादी सत्ताको भाट समाचार माध्यम " रेडियो नेपाल" को समाचारदाता भई आम जनतालाई दिगभ्रमित पार्ने दुस्प्रयास गर्दै आएको थियो । फांशीवादी सत्ताका हिमायती दरवारीयाको पेशेवार CID ग्रुपको प्रमुख उजेण्टको रुपमा रही तमाम हत्या हिंसाको घटना घटाउन सरिक हुंदै आयो । हाम्रो पार्टी ने.क.पा (माओवादी) दैलेखले पटक-पटक सुध्रिने चेतावनी दिदा पनि स्थितिमा सुधार नभएपछि यही अषाढ २२ गते CID गर्ने योजनामा घुमिरहेको बखत आधार क्षेत्रवाट नै गिरफ्तार गरी थप अनुसंधान पछि कारवाही स्वरुप यही २०६१ श्रावण २७ गते भौतिक सफाया गरीएको छ ।

फाशीवादी सत्ताले दिएको भौतिक सुविधाको मोजमस्तिमा डुवेर नेपाली जनताको भविष्य समप्त पार्न सरिक भएका CID हरु मानवअधिकार,पत्रकार महासंघ, रेडक्रस जस्ता पवित्र संघ संस्थाको खोल ओढेर संस्थाको वदनाम गर्न लागीपरेका केही थप गतिविधीको रहस्य उसै अपराधीवाट खुल्न आएको छ । सम्वन्धीत संघ संस्थाले आवश्य छानवीन गडरी सदस्यतावाट निष्काशन गरी सहयोग गर्न हार्दिक अनुरोध गर्दछौं ।अपराधी डेकेन्द्रराज थापाको कार्वाहीवा ट देशभक्त,वामपन्थी,प्रगतीशिल,प्रजातान्त्रीक,राष्ट्रवादी,लेखक,साहित्यकार, पत्रार, संघ संस्थाहरु भ्रमित र आतंकित नभै त्यहाँभित्रका झारपातलाई मिल्काउंदै मजवुत वनचै गएको एकतालाई झनै सुदृढ पार्न हार्दिक अनुरोध गर्दछौं ।

सचिव
रणजीत नेपाली
ने.क.पा.माओवादी
दैलेख

**४.२ डेकेन्द्रराज थापालाई माओवादीवाट लगाईएका आरोपहरु**

नेकपा (माओवादी)
दैलेख
डेकेन्द्रराज थापालाई कारवाही किन ?

१. फाशिष्ट दरवारियाको पेशेवार CID मध्यकै जिल्लाको प्रमुख एजेण्ट रहेको ।

२. दैलेख सदरमुकाम भित्र र वाहिर ५० औं संख्यामा CID को नेटवर्क तयार पार्ने काम गरेकोले ।

३. जनसत्ताको अनुमती विना लुकीछिपी पटक पटक आधार क्षेत्रमा प्रवेश गरी समपूर्ण गतिविधीको जानकारी दुश्मनको क्याम्पमा पुऱ्याए पछि घटेका घटनाक्रमहरु :-
क) २०६० ।६ ।७ गते कुसाडाको हत्याकाण्डामा सरीक भई क. उमेशको हत्यामा संलग्न ।
ख) खानेपानीको वार्ताको निमित्त भनी क. गोरे जैशी लगायत ४ जना कमरेशहरुको सम्पर्क स्थानको जानकारी शाही जल्लादको क्याम्पमा दिई भवानी हत्याकण्डमा ४ जना कमरेडहरुको हतया गराएको ।
ग) २०६१ ।३ ।१२ गते देखि आत्रार क्षेत्रमा लुकीछिपी प्रवेश गरी सम्पूर्ण विवरण दश्मनको क्याम्पमा पुऱ्याएको र सम्पूर्ण गतिविधीको जानकारी दुश्मनले पाएपछि तोलीमा ५ जना निशस्त्र कमरेडहरुको हत्या गराएको ।

४. फाशिवादको नाइके ज्ञानेको कथित अभिनन्दन कार्यक्रममा प्रमुख भूमिका रहेको ।

५. ने.क.पा. (माओवादी) दैलेख जिल्लाको उच्चस्तरको नेतृत्व तहलाई गिरफ्तार गराउनको निम्ती भाडाको टट्टु कथित कर्नेलवाट एकपटक १ लाख र अर्को पटक २५ हजार भत्ता लिएको । CID गरे वापत मासिक १० हजार भत्ता खाने गरेको ।

६. दैलेख सदरमुकामका खानेपानी उपभोक्तावाट कुनैपनि कर असुली नगर्ने सम्झौतालाई तोड्दै आफुखुशी प्रतिघर रु २०० का दरले कर उठाउने र लाखैं लाख भ्रष्टाचार गरेको ।

७. खानेपानीको कार्यालयवाट पटक पटक गरी रु १३९,९९५।- माओवादीको नामवाट निकासा गरी हिनामिना गरेको ।

८. नक्कली माओवादी बनी सर्वसाधारण व्यापारी र कर्मचारीलाई आतंकित पार्ने काम गरेको ।

९. मिति ०५८ भाद्र ३० गते विशाल जनसभाको व्यवस्थापनामा खटिएका कमरेडहरु माथि आक्रमण गरेको र व्यवस्थापन गरिएका (गेट, झण्डा, ब्यानर, माइक र पानीका ड्रम) सामग्रीहरु तोडफोड गरेको ।

१०. लामो समयदेखि सदरमुकाम क्षेत्रमा गुण्डागर्दी, हत्या, हिंसा, कुटपिट, लुटपाट, भ्रष्टाचार र बलात्कारका घटना घटाउँदै आएको ।